PRIMARY HEALTH
NETWORK

# बिरामी गोपनीयता सूचना

## PRIMARY HEALTH NETWORK

*गोपनीयतासम्बन्धी अभ्यासको सूचना*

यो सूचनामा तपाईंको चिकित्सा जानकारी कसरी प्रयोग गरिन्छ, खुलासा गरिन्छ र तपाईंले यो जानकारीमा कसरी पहुँच बनाउन सक्नुहुन्छ भन्ने बारेमा जानकारी दिइएको छ ।

### कृपया यो कागजात राम्ररी पढ्नुहोस्:

यो ***गोपनीयतासम्बन्धी अभ्यासको सूचना*** कुनै आदेश होइन । यो ***गोपनीयतासम्बन्धी अभ्यासको सूचना*** ले *Primary Health Network* र यसका सहयोगी संस्था एवं तिनका सह-कन्ट्र्याक्टहरूले तपाईंको उपचार गर्न, उपचारको रकम प्राप्त गर्न वा स्वास्थ्य सेवा सञ्चालन गर्नका साथै कानुनले अनुमति दिएअनुसार अन्य प्रयोजनहरू गर्नका लागि तपाईंको संरक्षित जानकारीको प्रयोग र खुलासा गर्न सक्छन् भन्ने बारेमा जानकारी दिन्छ । यसमा तपाईंको आफ्नो संरक्षित जानकारीमा पहुँच बनाउने र जानकारीलाई नियन्त्रण गर्ने अधिकारका बारेमा पनि व्याख्या गरिएको छ । "संरक्षित स्वास्थ्य जानकारी" भन्नाले तपाईंलाई पहिचान गराउने तपाईंको आधारभूत जानकारी लगायतका तपाईंको विगत, वर्तमान र भविष्यको शारीरिक र मानसिक अवस्था र सोसँग सम्बन्धित स्वास्थ्य स्याहार सेवाहरूसम्बन्धी जानकारी बुझिन्छ ।

### हाम्रो कानुनी कर्तव्य:

**प्रचलित संघीय कानुन र राज्य कानुनअनुसार** *Primary Health Network* ले तपाईंको स्वास्थ्य जानकारीको गोपनीयता कायम राख्न आवश्यक पर्छ । हामी तपाईंको चिकित्सा जानकारी गोप्य हुन्छ भन्ने कुरा बुझ्दछौँ र हामी यसको गोप्यता कायम राख्न प्रतिबद्ध छौँ । हामी गुणस्तरीय स्याहार प्रदान गरिरहेका छौं र कानुनी आवश्यकताहरू पनि पालना गरिरहेका छौँ भन्ने कुरा सुनिश्चित गर्न हामी तपाईंले प्राप्त गर्ने स्याहार र सेवाहरूको अभिलेख राख्छौँ । यो सूचना हाम्रा कर्मचारी वा अन्य व्यक्तिहरूले संकलन गरेको र हामीले तयार गरेर राखेको तपाईंका सबै जानकारीमा लागू हुन्छ । यसमा हामी तपाईंको संरक्षित जानकारी कसरी प्रयोग वा खुलासा गर्छौँ भन्ने बारेमा जानकारी दिइएको छ ।

### हामी तपाईंको स्वास्थ्यसम्बन्धी जानकारी कसरी प्रयोग र खुलासा गर्छौं:

*Primary Health Network* ले तपाईंको उपचार गर्न, सो उपचारको शुल्क लिन र स्वास्थ्य सेवा सञ्चालन गर्ने प्रयोजनका लागि कानुनी व्यवस्थाअनुसार तपाईंको जानकारीको प्रयोग वा खुलासा गर्न सक्छ । अन्य प्रकारका खुलासाहरू तपाईंको अनुमति लिएर मात्र गरिनेछ । हामी तपाईंको संरक्षित स्वास्थ्य जानकारीको प्रयोग वा खुलासा कसरी गर्छौँ भन्ने बारेमा तल उदाहरणहरू दिइएका छन्:

- **उपचार** - एक वा सोभन्दा बढी स्वास्थ्य सेवा प्रदायकहरूद्वारा व्यवस्थित स्याहार र सोसँग सम्बन्धित सेवाहरू उपलब्ध गराउँदा र समन्वय गर्दा । गुणस्तरीय स्याहार प्रदान गर्ने प्रयोजनका लागि Primary Health Network ले "EHR (Electronic Health Record)" भनिने विद्युतीय स्वास्थ्य अभिलेख राख्ने गर्छ । यो तपाईं बारेको विद्युतीय स्वास्थ्य जानकारी राख्ने विद्युतीय प्रणाली हो। यदि तपाईं *Primary Health Network* का एकभन्दा बढी प्रदायकहरूबाट सेवाहरू लिनुहुन्छ भने स्याहारको निरन्तरता सुनिश्चित गर्ने प्रयोजनका लागि तपाईंको चिकित्सा, व्यवहारजन्य र दन्तसम्बन्धी स्वास्थ्य जानकारी लगायतका तपाईंको स्वास्थ्य जानकारी प्रदायक र अनुमति प्रदान गरिएका कर्मचारीहरूका बिचमा आदानप्रदान गरिनेछ । तपाईंको स्वास्थ्य जानकारीको गोपनीयताको सन्दर्भमा यो सूचनामा गरिएका व्यवस्थाहरू EHR मा भण्डारण गरिएका र कागजी रूपमा राखिएका जानकारीमा पनि लागू हुन्छन् । हामी स्वास्थ्य जानकारी आदानप्रदान गर्ने एक वा सोभन्दा बढी प्रणालीहरूमा आबद्ध छौँ । तपाईंको स्वास्थ्य आवश्यकताहरूका बारेमा सही निर्क्योल गर्ने प्रयोजनका लागि तपाईंको स्वास्थ्य जानकारीमा सुरक्षित तरिकाले पहुँच प्राप्त गर्न तपाईंका स्वास्थ्य सेवा प्रदायकहरूले यी विद्युतीय नेटवर्क प्रयोग गर्न सक्छन् । हामी र अन्य स्वास्थ्य सेवा प्रदायकहरूले उपचार, भुक्तानी वा अन्य स्वास्थ्य सेवा प्रयोजनहरूका लागि स्वास्थ्य जानकारी आदानप्रदान गर्ने प्रणालीबाट तपाईंको स्वास्थ्य जानकारीमा पहुँचका लागि अनुमति दिन सक्छौँ । यो स्वैच्छिक सम्झौता मात्र हो । तपाईं हाम्रा रिसेप्सनिस्टलाई जानकारी दिएर जुनसुकै बेला पनि यो सम्झौताबाट बाहिरिन सक्नुहुन्छ ।
- **भुक्तानी** - भन्नाले सेवाको भुक्तानी प्राप्त गर्ने योजना बनाउने, कुनै सेवा समेटिने वा नसमेटिने कुरा यकिन गर्ने कार्य, बिलिङ/संकलन कार्य र उपयोगीता समीक्षा जस्ता कार्यहरू बुझिन्छ । तपाईंको उपचारको बिललाई भुक्तानीका लागि तपाईंको बिमा कम्पनीलाई पठाउनु यसको एउटा उदाहरणको रूपमा लिन सकिन्छ ।

# बिरामी
## गोपनीयता सूचना

- **स्वास्थ्य सेवा सञ्चालनहरू** - यसमा हाम्रा अभ्यासहरू सञ्चालन गर्ने, गुणस्तर मूल्याङ्कन तथा सुधार कार्यहरू गर्ने, लेखापरीक्षण गर्ने, व्यवस्थापकीय विश्लेषण गर्ने र ग्राहक सेवाहरू दिने लगायतका व्यावसायिक पक्षहरू समावेश हुन्छ । आन्तरिक गुणस्तर मूल्याङ्कन समीक्षालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ ।
- **जनस्वास्थ्यसम्बन्धी कार्यहरू** - गोपनीयता कानुनले रोग, चोटपटक वा अपाङ्गता रोकथाम वा नियन्त्रण गर्ने र कानुनले आवश्यक गराउँदा जस्ता स्वास्थ्यसम्बन्धी प्रयोजनहरूका लागि जनस्वास्थ्य जानकारी आदानप्रदान गर्ने अनुमति दिन्छ ।
- **सरकारी कार्यहरू** - उजुरीको छानबिन गर्न र कानुनको पालना भएको छ भन्ने सुनिश्चित गर्न ***स्वास्थ्य तथा मानव सेवा विभाग*** र ***नागरिक अधिकार कार्यालय*** द्वारा गोपनीयता कानुनको कार्यान्वयन गराउने प्रयोजनका लागि जनस्वास्थ्य जानकारी सरकारी एजेन्सीहरूलाई प्रदान गर्न सकिन्छ ।
- **कानुन कार्यान्वयन गराउने प्रयोजनहरू** - कानुनले व्यवस्था गरेबमोजिम वा अदालती आदेश मान्ने वा समनसम्बन्धी प्रयोजनहरूका लागि जनस्वास्थ्य जानकारी प्रहरी  वा कानुन कार्यान्वयन गराउने अधिकारीहरूलाई प्रदान गर्न सकिन्छ ।
- **आर्थिक सहयोग संकलन** - हामी *Primary Health Network* का लागि आर्थिक सहयोग संकलन गर्ने बारेमा तपाईंलाई सम्पर्क गर्नका निम्ति तपाईंको स्वास्थ्य जानकारीको प्रयोग गर्न सक्छौँ । तपाईं आर्थिक सहयोग संकलनसम्बन्धी सूचना प्राप्त गर्न चाहनुहुन्न भने तपाईंले त्यस्तो सूचना प्राप्त नगर्ने भनेर छनौट गर्न सक्नुहुन्छ ।
- **शोध** - संस्थागत समीक्षा परिषदले शोध प्रस्ताव अध्ययन गरी, स्वास्थ्य जानकारीको गोपनीयता कायम गर्ने व्यवस्था गरी शोध गर्ने स्वीकृति दिएको खण्डमा हामीले तपाईंको संरक्षित स्वास्थ्य जानकारी (PHI) सो शोधका प्रयोजनहरूका लागि प्रयोग गर्न वा शोधकर्ताहरूलाई खुलासा गर्न सक्छौँ ।

### तपाईंको अनुमति आवश्यक पर्ने प्रयोग र खुलासाहरू:

***अन्य स्वीकृत र अनिवार्य प्रयोग तथा खुलासाहरू*** तपाईंको सहमति, अनुमति लिएर वा तपाईंलाई आपत्ति जनाउने उचित अवसर दिएर मात्र गरिनेछ । यद्यपि, कानुनअनुसार त्यस्तो व्यवस्था आवश्यक नपर्ने भएमा यो नियम लागू हुने छैन । तपाईंको अनुमतिबिना हामीलाई तपाईंको संरक्षित स्वास्थ्य जानकारी किनबेच प्रयोजनहरूका लागि प्रयोग गर्न वा खुलासा गर्न स्पष्ट रूपमा निषेध गरिएको छ । हामीले तपाईंको अनुमति नलिइकन तपाईंको संरक्षित स्वास्थ्य जानकारी बिक्री गर्न नपाउन सक्छौँ । हामीले तपाईंको संरक्षित स्वास्थ्य जानकारीमा राखिएका अधिकांश साइकोथेरापी नोटहरू प्रयोग गर्न वा खुलासा गर्न नपाउन सक्छौँ । हामीले अन्डरराइटिङ (जोखिम मूल्याङ्कन) प्रयोजनहरूका लागि प्रयोग गर्न सकिने आनुवंशिक जानकारी समावेश भएको तपाईंको संरक्षित जानकारी प्रयोग वा खुलासा गर्ने छैनौँ ।

तपाईंले जुनसुकै बेला पनि *Primary Health Network* ले तपाईंले अनुमति दिएअनुसार प्रयोग वा खुलासा गरिसकिएको बाहेकका जानकारी प्रयोग वा खुलासा गर्न दिएको अनुमति लिखित रूपमा फिर्ता लिन सक्नुहुन्छ ।

### तपाईंका अधिकारहरू:

तपाईंसँग आफ्नो संरक्षित स्वास्थ्य जानकारीको सम्बन्धमा निम्न अधिकारहरू हुन्छन्:

***तपाईंसँग आफ्नो संरक्षित स्वास्थ्य जानकारी हेर्ने र सो जानकारीको प्रतिलिपि बनाउने अधिकार हुन्छ (यसका लागि केही शुल्क भने तिर्नुपर्ने हुन सक्छ ।)*** सीमित अपवादहरू बाहेक तपाईंसँग लिखित अनुरोध गरेर कागजी वा विद्युतीय फर्म्याटमा राखिएका स्वास्थ्य जानकारी हेर्ने वा सो जानकारीको प्रतिलिपि बनाउने अधिकार हुन्छ । *Primary Health Network* ले तपाईंलाई विद्युतीय फाराम वा फर्म्याटमा यस्तो जानकारी उपलब्ध गराउन सक्छ ।

***तपाईंसँग आफ्नो संरक्षित जानकारीमा बन्देज वा सीमित लगाउन अनुरोध गर्ने अधिकार हुन्छ ।*** यसको अर्थ तपाईंले *Primary Health Network* लाई उपचार, भुक्तानी वा स्वास्थ्य सेवा सञ्चालन प्रयोजनहरूका लागि आफ्नो संरक्षित स्वास्थ्य जानकारीको कुनै निश्चित भाग प्रयोग वा खुलासा नगर्नका लागि अनुरोध गर्न सक्नुहुन्छ । तपाईंले आफ्नो संरक्षित जानकारीको कुनै निश्चित भाग यस ***गोपनीयतासम्बन्धी अभ्यासको सूचना*** मा सूचना दिने प्रयोजनहरूको सम्बन्धमा तपाईंको स्याहारमा संलग्न रहेका हुन सक्ने परिवारका सदस्य वा साथीभाइलाई नदिने अनुरोध गर्न पनि सक्नुहुन्छ । तपाईंले अनिवार्य रूपमा कुन जानकारी कसलाई नदिन खोज्नुभएको भनेर लिखित रूपमा अनुरोध गर्नुपर्छ । *Primary Health Network* निम्न अवस्थामा बाहेक बन्देजहरू लगाउने तपाईंको अनुरोधमा सहमत हुन आवश्यक छैन: तपाईंले आफैं पूरै शुल्क भुक्तानी गरेको स्वास्थ्य सेवाको सम्बन्धमा तपाईंले *Primary Health Network* लाई आफ्नो स्वास्थ्य बिमा कम्पनीलाई संरक्षित स्वास्थ्य जानकारी खुलासा नगर्न अनुरोध गर्नुभएमा ।

PRIMARY HEALTH NETWORK

# बिरामी गोपनीयता सूचना

***तपाईंसँग आफ्नो जानकारी को-कोलाई खुलासा गरिएको छ भन्ने कुराको विवरण प्राप्त गर्ने अधिकार हुन्छ।*** तपाईंसँग अप्रिल 14, 2003 भन्दा पहिलेका वा तपाईंले गरेको अनुरोधको मितिभन्दा छ वर्ष अघिका कानुनद्वारा आवश्यक गरिएअनुसार तपाईंको अनुमतिबमोजिम उपचार, भुक्तानी, स्वास्थ्य सेवा सञ्चालन प्रयोजनहरूका लागि गरिएका खुलासाहरू बाहेक तपाईंको जानकारी को-कोलाई खुलासा गरिएको थियो भन्ने कागजी वा विद्युतीय विवरण प्राप्त गर्ने अधिकार हुन्छ।

***तपाईंसँग आफ्नो संरक्षित जानकारी संशोधन गर्न अनुरोध गर्ने अधिकार हुन्छ।*** तपाईंले यस्तो अनुरोध अनिवार्य रूपमा लिखितमा गर्नुपर्छ र सो जानकारी किन संशोधन गरिनुपर्छ भनेर स्पष्ट रूपमा खुलाउनुपर्छ। *Primary Health Network* ले तपाईंको संशोधनको अनुरोध अस्वीकार पनि गर्न सक्छ। तपाईंसँग हामीकहाँ असहमतिको कथन दायर गर्ने अधिकार हुन्छ र हामीले पनि तपाईंको कथनको खण्डन प्रतिउत्तर तयार गरी तपाईंलाई सो प्रतिउत्तरको प्रति उपलब्ध गराउन सक्छौँ।

***तपाईंसँग आफ्नो जानकारीको गोप्यता भङ्ग भएको अवस्थामा सूचना प्राप्त गर्ने अधिकार हुन्छ।*** *Primary Health Network* ले तपाईंको जानकारीको गोप्यता भङ्ग भएको खण्डमा तपाईंलाई सो कुराको जानकारी गराउनेछ।

**तपाईंसँग यो सूचनाको कागजी वा विद्युतीय प्रति प्राप्त गर्ने अधिकार हुन्छ।** *Primary Health Network* सँग यो सूचनाका सर्तहरू परिवर्तन गर्ने अधिकार हुन्छ। तपाईंले हाम्रो नयाँ वा परिवर्तित सूचना प्राप्त गर्न चाहेमा हामीले त्यसका प्रतिहरू पनि उपलब्ध गराउन सक्छौँ।

## उजुरी:

यदि तपाईंलाई हामीद्वारा तपाईंका गोपनीयता अधिकारहरू उल्लङ्घन भएका छन् भन्ने लाग्छ भने तपाईंले *Primary Health Network*, *अमेरिकी स्वास्थ्य तथा मानव सेवा विभाग* वा *नागरिक अधिकार कार्यालय*मा उजुरी गर्न सक्नुहुन्छ। तपाईंले *Primary Health Network* मा यसको ग्राहक सेवा विभागलाई आफ्नो उजुरीका बारेमा सूचित गरेर उजुरी दायर गर्न सक्नुहुन्छ। उजुरी दर्ता गरेकोमा हामीले तपाईंको विरुद्धमा प्रतिशोधको कार्य गर्ने छैनौँ।

## बिरामी गोपनीयता सूचना:

Primary Health Network को ग्राहक सेवा विभाग - 1(866)-276-7018
स्वास्थ्य तथा मानव सेवा विभाग - 1(877)-696-6775
जुलाई 2020